## २१.१ नक्सा पास उपशाखा र उपशाखा प्रमुखको कार्य

यस उप शाखाका प्रमुखले शाखा प्रमुख प्रति उत्तरदायी भई निम्न लिखित कार्यहरु आफू र आफू मातहतका कर्मचारीहरुद्वारा प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

- घर नक्सा स्विकृति निवेदन फाराम उपलव्ध गराउने ।
- स्विकृतिकालागि पेश गरेको नक्सा रित पुगे नपुगेको चेक गरी रीत पुगेको भए दर्ता गरि दिने र नभए सोही व्यहोरा निवेदकलाई जानकार्री दिने ।
- घर नक्सा पार दस्तुर ठिक भए नभएको जांच गर्ने ।
- सवै रित पुगेको भए नक्सा दर्ता गरि दिने ।
- रितपूर्वक प्रमाणपत्रहरु हेरी १५ दिने सूचना टांस गर्ने गराउने ।
- तारेख पर्चा खडा गरी निवेदकलाइ दिने ।
- अन्य कर्मचारी को सहयोगमा सर्जमीन मुचुल्का गर्ने ।
- सर्जमीन मुचुल्काको प्रतिवेदन सिफारिस सहित शाखा प्रमुख समक्ष पेश गर्ने ।
- कवुलियत गराउन पर्ने भए घर धनी वा अख्तियार प्राप्त वारेशवाट गराउने ।
- घर निर्माण इजाजत पत्र तयार गरी शाखा प्रमख समक्ष पेश गर्ने ।
- घरको व्लक नम्वर उपलव्ध गराउने र सोको जानकारी सम्वन्धित वडालाइ दिने ।
- घर नक्साको म्याद थप सम्वन्धि निवेदन उपर प्रारंभिक कार्यवाही गरी शाखा प्रमुख समक्ष पेश गर्ने ।
- घर नक्सा संग सम्वन्धित विभिन्न सिफारिसहरु गर्ने र सोको अभिलख राख्ने ।
- नक्सा पास भए पछि घर धुरीको लगत राख्ने र सो को जानकारी राजस्व उपशाखालाई दिने ।
- घर नक्साको प्रतिलिपि माग भए प्रमाणित प्रतिलिपि उपलव्ध गराउने ,
- घर निर्माण कार्यको स्विकृति दिंदा राय पुस्तिकामा लेखी सदर भए वमोजिम गर्ने ।
- नक्सा नामसारी गर्न आएमा नियमानुसार गरि दिने ।

- घर निर्माण कार्यको स्विकृत, घर नक्साको प्रतिलिपि, सम्पन्न प्रमाणपत्र र नक्सा नामसारीको सेवा उपलव्ध गराउनु पूर्व चालु आवं सम्मको नपालाई वुझाउन पर्ने सेवा शुल्क, दस्तुर वा अन्य रकम वुझाए पछि मात्र दिने ।
- इजाजत पत्र वमोजिम घर निर्माण भए नभएको अनुगमन गर्ने गराउने ।
- इजाजत पत्र वमोजिम घर वनी सकेको भए सम्पन्न प्रमाणपत्र तयार गरी स्विकृतिकालागि शाखा प्रमुख समक्ष पेश गर्ने ।
- अन्तरगत कर्मचारीको कर्मचारी प्रशासन सम्वन्धि कार्य गर्ने ।
- आफ्नो सुपरिवेक्षक र का का अ ले वेला वेलामा दिने निर्देशनहरु पालना गर्ने ।
- शाखा प्रमुखको निर्देशनमा भैपरी आउने तथा अन्य काम गर्ने ।

## ५.२१.२१ निरीक्षण ईकाइ

यस इकाइका प्रमुखले नक्सा पास उपशाखा प्रमुखको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय वमोजिमका कार्यहरु सम्पादन गर्नु गराउनु पर्नेछ :

- नक्सा पास इजाजतपत्र अनुसार घर वने नवनेको सवै वडामा नियमित अनुगमन गर्ने ।
- नक्सा पास नगरी निर्माण गरेको पाइएमा तत्काल सो कार्य रोक्का गर्ने पत्र दिने र निर्माण कार्य रोक्न लगाउने ।
- अनुगमनको दैनिक प्रतिवेदन नक्सापास उपशाखामा पेश गर्ने ।
- नक्सा पास नगरी निर्माण गरेको पाइएका घरधनीलाई नक्सा उपशाखामा उपस्थित गराई कानूनी प्रकृया शुरु गराउने ।
- अन्तरगत कर्मचारीको कर्मचारी प्रशासन सम्वन्धि कार्य गर्ने ।
- आफ्नो सुपरिवेक्षक र का का अ ले वेला वेलामा दिने निर्देशनहरु पालना गर्ने ।
- उपशाखा प्रमुखको निर्देशनमा भैपरी आउने तथा अन्य काम गर्ने ।